म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

वर्ष:१४ अङ्क:- २२६ २०८० असार २६ गते मंगलबार 11 July 2023, Tuesday - पृष्ठ ४ मूल्य रु. ५/-




## प्रथम त्रैमासिक परीक्षाको तयारीमा सामुदायिक विद्यालय

जमुना थिङ

हेटौंडाः हेटौंडा उपमहानगरभित्र रहेका सामुदायिक विद्यालयहरु प्रथम त्रैमासिक परीक्षाको तयारीमा रहेका छन्। प्रथम त्रैमासिक परीक्षा सञ्चालनका लागि पाठ्यपुस्तकका आवश्यक कोर्ष सकेपछि विद्यालयहरु परीक्षाको तयारीमा लागेका हुन् ।

नगरस्तरीय शैक्षिक समन्वय समितिको क्यालेण्डरअनुसार आउँदो साउन ९ गतेदेखि सुरु हुने प्रथम त्रैमासिक परीक्षाको तयारीमा विद्यालय लागेका हुन् । हेटौंडा-६, गौरीटारमा रहेको बालजागृति युवावर्ष माध्यमिक विद्यालयका प्रधानाध्यापक सम्झना अधिकारी भन्नुहुन्छ– 'अहिले प्रथम त्रैमासिक परीक्षाको तयारीमा विद्यालय लागेको छ। गत असार १७ गतेदेखि २४ गते आइतबारसम्म विद्यालयले प्रथम त्रैमासिक परीक्षाको पूर्वतयारीको परीक्षा सञ्चालन गरेको छ। उक्त परीक्षाको नतिजालाई मूल्यांकन गरी अब कसरी अघि बढ्ने भन्ने विषयमा विद्यालय अघि बढ्नेछ ।' नतिजाको उपलब्धीलाई मूल्यांकन गरी सुधार गर्नुपर्ने कुरालाई आत्मसाथ गर्दै परीक्षाको तयारीमा लाग्ने उहाँले बताउनुभयो ।

आइतबार माध्यमिक तहका शिक्षकहरुसँग परीक्षाको तयारीबारे छलफल गरेको प्रधानाध्यापक अधिकारीको भनाइ छ । आज सोमबार पनि संयुक्तरुपमा शिक्षक, प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिको बैठक बसेर छलफल गरिने उहाँले बताउनुभयो । बैठकमा विद्यालयको शैक्षिक गतिविधि र हालै प्रकाशित एसईई नतिजाको समीक्षासमेत गरिने उहाँले जानकारी दिनुभयो ।

आन्तरिक मूल्यांकनका लागि परियोजना कार्यमा विद्यार्थीको सहभागीतालाई विश्लेषण गरेर कागजात तयार गरिने उहाँले जानकारी दिनुभयो । विद्यार्थीलाई गत बिहीबारदेखि परीक्षा तालिकासमेत उपलब्ध गराइसकेको उहाँको भनाइ छ । परीक्षाको तयारीका लागि घरमा कति बजेदेखि कति बजेसम्म कुन विषय पढ्ने भनेर विद्यार्थीलाई समयतालिका दिइने प्रधानाध्यापक अधिकारीले बताउनुभयो ।

असार महिनाको अन्तिमतिर अभिभावक, विद्यार्थी, प्रधानाध्यापक र विषयगत शिक्षकहरुबीच समग्र शैक्षिक गतिविधिबारे छलफल गरिने उहाँले जानकारी दिनुभयो । प्रथम त्रैमासिक परीक्षाको पूर्वतयारीको नतिजा प्रत्येक अभिभावकलाई उपलब्ध गराइने उहाँको भनाइ छ ।परीक्षाको तयारी कति पुगेन भनेर समीक्षा गरिने र सोहीबमोजिम घरमा पढ्ने वातावरण निर्माणका लागि अभिभावकलाई आग्रह गरिने प्रधानाध्यापक अधिकारीले जानकारी दिनुभयो । विद्यालयमा करिब ३ सय विद्यार्थी अध्ययनरत् छन् ।

हेटौंडा-१५, रातोमाटेमा रहेको जनजागृति माध्यमिक विद्यालय पनि प्रथम त्रैमासिक परीक्षाको तयारीमा लागेको छ । विद्यालयका प्रधानाध्यापक केशव सञ्जेल भन्नुहुन्छ– 'शिक्षकहरु सबैले प्रथम त्रैमासिक परीक्षा सञ्चालनका लागि सक्नुपर्ने आवश्यक कोर्षहरु पढाएर सकाएका छन्।' अहिले दोहोऱ्याएर कोर्षहरु विद्यार्थीलाई पढाइरहेको उहाँले बताउनुभयो । कक्षागत अभिभावक भेटघाट कार्यक्रम पनि भइरहेको उहाँको भनाइ छ ।

परीक्षा नजिकिएसँगै प्रायः विद्यार्थी नियमित विद्यालय आउन थालेको उहाँले जानकारी दिनुभयो । तामाङ समुदायका विद्यार्थी बढी भएकाले १० प्रतिशत बालबालिका अझै नियमित विद्यालय आउने नगरेको उहाँले बताउनुभयो । विगतको तुलनामा यस वर्षको एसईई परीक्षाको नतिजामा पनि सुधार आएको प्रधानाध्यापक सञ्जेलको भनाइ छ । एसईईमा ४७ विद्यार्थी सहभागी भएकोमा ४५ जना विद्यार्थी माथिल्लो कक्षा अध्ययनका लागि योग्य भएको उहाँले जानकारी दिनुभयो । विद्यालयमा ३ सय ४८ जना विद्यार्थी अध्ययनरत छन् ।

हेटौंडा-४ स्थित भूटनदेवी माध्यमिक विद्यालयका प्रधानाध्यापक माधव दाहालले प्रथम त्रैमासिक परीक्षाअघि पठाउनुपर्ने कोर्षहरु सकाउन शिक्षकहरु लागिरहेको बताउनुभयो। प्रायः विषयगत शिक्षकहरुका कोर्ष सकिए पनि केहीको बाँकी रहेको उहाँको भनाई छ । बाँकी कोर्षहरु केही दिनमा सकिने भएकाले त्यसपछि प्रथम त्रैमासिक परीक्षाको तयारीका लागि दोहोऱ्याएर

...बाँकी पृष्ठ ४ मा

## मोटरसाईकल दुर्घटनामा एकको मृत्यु

समाज संवाददाता

हेटौंडाः पूर्वपश्चिम राजमार्गअन्तर्गत मकवानपुरको मनहरी गाउँपालिका-६, नयाँबस्तीमा मोटरसाईकल दुर्घटनामा परी एकजनाको मृत्यु भएको छ । मृत्यु हुनेमा रामेछाप जिल्लाको रामेछाप नगर पालिका-८, घर भई हाल चितवन खैरेनी नगरपालिका-८, बस्ने ४५ वर्षीय नर बहादुर थापा रहेको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ ।

सोमबार दिउँसो १२ बजेर ५० मिनेटको समयमा चितवनबाट हेटौंडातर्फ आउँदै गरेको बागमती प्रदेश ०३-००३ प ८६५८ नम्बरको मोटरसाईकल आफैं अनियन्त्रित भई विजुलीको पोलमा ठोक्किएर दुर्घटना भएको थियो। दुर्घटनामा परी थापा गम्भीर घाइते भएका थिए । उपचारका लागि थापालाई पुरानो मेडिकल कलेज भरतपुर लगिएको थियो । उपचार को क्रममा दिउँसो ३ बजेर १५ मिनेटमा थापाको मृत्यु भएको प्रहरीले जानकारी दिएको छ ।

## कीर्तेको आरोप लागेपछि थाहा-१२ का वडाध्यक्ष फरार

काठमाडौंः कागजात कीर्ते गरेर छोरा बनी अर्काको जग्गा नामसारी गरेको घटनामा संलग्न रहेको आरोप लागेका मकवानपुरको थाहा नगरपालिका-१२ का वडाध्यक्ष टीकाराम स्याङ्तानसहित १० जना फरार भएका छन् । उनीहरू विरुद्ध जिल्ला अदालत, काठमाडौंबाट पक्राउ पुर्जी जारी भएको छ ।

पक्राउ पुर्जी जारी भएपछि वडाध्यक्ष स्याङ्तानसहित वडा सचिव ओब्जङबहादुर रोकाया, कार्यालय सहयोगी चन्द्रकुमार मोक्तान, कीर्तेका योजनाकार बमबहादुर गुरुङ, राजु गुरुङ, रामशरण गुरुङ, कृष्णबहादुर गुरुङ, सुकुमान स्याङ्तान, रामबहादुर स्याङ्तान र नरेश घलान फरार भएका हुन् । उनीहरूको खोजी भइरहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ। स्याङ्जाकी उमादेवी गुरुङलाई आमा बनाएर सतराज गुरुङले जग्गा हडपेको पाइएको काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयले जनाएको छ । सतराज पक्राउ परेपछि घटना बाहिर आएको हो ।

उमादेवीलाई आमा रहेको भनी नक्कली मुत्यु दर्ता, नाता प्रमाणित प्रमाणपत्र लगायतका झुट्टा कागज तयार गरिएको पाइएको छ । त्यसपछि गरी विभिन्न व्यक्ति तथा निकायको मिलेमतोमा उमादेवीको नाममा रहेको काठमाडौंको कीर्तिपुर नगरपालिका-३ स्थित जग्गा नामसारी गरेको फेला परेको प्रहरी वरिष्ठ उपरीक्षक मनोज केसीले बताए । जग्गा बिक्री नगर्दै प्रहरीले जानकारी पाएको केसीले बताए । यसमा संलग्न रहेको आरोपमा मकवानपुरको थाहा नगरपालिका-१२ घर भई काठमाडौंको कपनमा बस्दै आएका सतराज गुरुङलाई पक्राउ गरिएको हो । स्रोतः हिमाल खबर ।

सामुदायिक रेडियो, रेडियो निकास
९३.४ मेगाहर्ज सुनौं र सुनाऔं

हार्दिक बधाई




एसईई-२०७९
मा
सहभागी **९ जना ए प्लस** ग्रेडसहित उत्तीर्ण हुने **२६ जना विद्यार्थी**लाई हार्दिक बधाई ज्ञापन गर्दै उच्च शिक्षा हासिल गर्ने क्रममा निरन्तर सफलताको शुभकामना व्यक्त गर्दछौं ।

प्रिन्सीपल
एवम् ब्रह्मदिक् एकेडेमी परिवार
हेटौंडा-४, कमलडाँडा




सोलिड्यारिटी इन्टरनेशनल एकेडेमी कलेज;
अफ होटल एण्ड हस्पिटालिटी म्यानेजमेन्ट



प्रोफेशनल स्किल एण्ड ट्रेनिङ डिपार्टमेन्ट

शैक्षिक सत्र २०८० देखि यस सोलिड्यारिटी इन्टरनेशनल एकेडेमी कलेज अफ होटल एण्ड हस्पिटालिटी म्यानेजमेन्टका लागि कक्षा ११ मा अध्ययन गर्न इच्छुक विद्यार्थीका लागि कक्षाहरु सञ्चालन गरिँदैछ। अभिलेखीकरण र थप जानकारीका लागि यसै कलेजको कार्यालयमा सम्पर्क गर्नुहोला ।

सम्पर्क
०५७-५२१२७२/९८०१०६८६४१/९८४८८२८२७७

## सम्पादकीय

# कृषि अनुदानमा अन्यौल

नेपाल कृषिप्रधान देश हो । यहाँ कृषिको लागि निकै नै ठूलो सम्भावना र स्रोत रहेको छ । आधाभन्दा बढी नेपाली कृषिमै आश्रित छन् । अधिकांश नेपालीको मुख्य पेसा कृषि भए पनि कृषिको विकास पर्याप्त हुन सकेको छैन । कृषिमा आधुनिकीकरण र व्यावसायीकरण गर्ने कार्य कागजी योजनामा सिमित बनिरहेको छ । मुलुकका तीन तहका सरकारले कृषि क्षेत्रको विकास र कृषकको हितका लागि प्रभावकारी काम गर्न नसक्दा कृषि क्षेत्रमा आशातित विकास हुन नसकेको हो । आर्थिक विकास र समृद्धिको लागि कृषि क्षेत्रमा पर्याप्त लगानी अनिवार्य छ । संघ, प्रदेश तथा स्थानीय सरकारले कृषिको विकासका लागि थुप्रै योजना र कार्यक्रम घोषणा गर्ने गरेको भए पनि त्यसको प्रभावकारी कार्यान्वयन नहुँदा वास्तविक कृषक लाभान्वीत हुन सकेका छैनन् । राजनीतिक पहुँच र शक्तिको आडमा गैरकृषकले सरकारबाट पाउने सुविधा उपभोग गरिरहेका छन् । तीनै तहको सरकारले कृषि विकासको आवश्यकता महसुस गरेको भए पनि वास्तविक किसानलाई प्रत्यक्ष सहयोग पुग्ने कार्यक्रम पर्याप्त छैनन् ।

बागमती प्रदेश सरकारले परम्परागत पशुपालनलाई आधुनिकीकरण र व्यावसायिक बनाउन केही कार्यक्रम गरिरहेको छ । कृषि उत्पादन र पशुपालनमार्फत् प्रदेशको आर्थिक समृद्धिको आधार तयार हुने विश्वासका साथ प्रदेश सरकारले कृषकलाई अनुदानका कार्यक्रम पनि कार्यान्वयनमा ल्याइरहेको छ । माछा, मासु, अण्डा, दूधमा प्रदेशलाई आत्मनिर्भर बनाउने नीतिबमोजिम पशुपालन गर्ने किसानलाई अनुदान वितरण गर्दै आएको छ । बागमती प्रदेशको कृषि तथा पशुपक्षी विकास मन्त्रालयले प्रदेशका विभिन्न जिल्लाका किसानलाई सहकारी तथा डेरीमार्फत् दूधमा नगद अनुदान उपलब्ध गराउँदै आएको छ । तर, प्रदेश सरकारले प्रदान गर्दै आएको अनुदान रकम रोकेको भन्दै किसान आन्दोलित भएका छन् । चितवन जिल्लाका दुग्ध उत्पादक किसानहरुले अनुदान रोकेको बिरोधमा आइतबार प्रदेशको कृषि तथा पशुपक्षी विकास मन्त्रालय घेराउ गर्दै धर्ना दिएका छन् । चितवनबाट धर्नाका लागि आएका किसानले कृषि तथा पशुपक्षी विकास मन्त्री नभेटेपछि मन्त्रालयका सचिवसँग वार्ता गरी मन्त्रीसँग छलफल गर्ने गरी सहमति गरेका छन् ।

चितवनको भरतपुर महानगरपालिका, राप्ती र माडी नगरपालिकाका किसानलाई प्रदेश सरकारले दूधमा दिँदै आएको अनुदान रोकेको हो । प्रदेश सरकारले दुग्ध उत्पादक किसानलाई प्रतिलिटर १ रुपैयाँ ६६ पैसा अनुदान दिँदै आएको थियो । चितवनका केही स्थानीय सरकारले पनि दूधमा अनुदान दिएको भन्दै प्रदेश सरकारले दिँदै आएको अनुदान रोकेको बताइएको छ । दूधमा अनुदानका लागि आह्वान गरिएको प्रस्तावको कार्यविधिअनुसार अनुदानमा दोहोरोपन पाइएकाले मन्त्रालयले अनुदान रोकेको बताएको छ । दोहोरोपन नभएका पालिकाका किसानले अनुदान पाएको मन्त्रालयको भनाइ छ । पाइएकाहरुले नपाएको र अन्यले भने पाएको बताउनुभयो । बागमती प्रदेश सरकारले आगामी आर्थिक वर्षका लागि पनि दूध उत्पादक किसानलाई अनुदान दिनका लागि ३० करोड रुपैयाँ बजेट विनियोजन गरेको छ ।

मुलुकमा तीन तहको सरकारबीच उचित समन्वय नहुँदा कतिपय कार्यक्रममा दोहोरोपन भइरहेको छ । एकै प्रकारका कार्यक्रममा संघ, प्रदेश र स्थानीय सरकारले बजेट विनियोजन गर्दा दोहोरोपनको समस्या हुन्छ नै । कार्यक्रममा दोहोरोपन हुँदा कोहीले दोहोरो सुविधा पाउने र कोही भने सुविधाबाट वञ्चित हुनुपर्ने अवस्था आउनुका साथै बजेटको चरम दुरुपयोग हुन्छ । कार्यक्रममा दोहोरोपन आउन नदिन तीनै तहका सरकारबीच समन्वय आवश्यक छ । सरकारबीच कार्यक्रममा दोहोरोपन हुँदा सेवाग्राही अन्यौलमा पर्दछन् । बागमती प्रदेश सरकार र चितवनका केही स्थानीय सरकारबीच समन्वय नहुँदा दूध उत्पादक किसान अन्यौलमा परेका हुन् । प्रदेश सरकारले दूधमा किसानलाई अनुदान दिने भएपछि स्थानीय सरकारले अन्य कृषि उत्पादनमा अनुदान दिने कार्यक्रम गरेमा कृषिमा दिइने अनुदानको अन्यौलता अन्त्य हुनसक्छ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | फापरबारी इलाका ६२१९८० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | चित्लाङ इलाका ६२१००० |
| ट्राफिक प्रहरी १०३ | वारुण यन्त्र १०१ |
| वडा प्रहरी ५२०२९९ | बालबालिका खोजतलास केन्द्र १०४ |
| पशुपतिनगर इलाका ५२०५९८ | बाल हेल्पलाइन १०९८ |
| मनहरी इलाका ९८५५०९०१६१ | हेलो सरकार ११११ |
| भीमफेदी इलाका ६९१४६२ | नेपाल टेलिकम सोधपुछ १९७ |
| पालुङ इलाका ६२०४६७ | |


## तपाईंको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडीकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

| | |
|---|---|
| मेष | : नैराश्यता-दिग्दारी र चिडचिडेपन बढ्ने छ । |
| वृष | : दाम्पत्य जीवन र प्रेम सम्बन्धमा सुदृढ रहनेछ । |
| मिथुन | : नकारात्मक कुराले वर्तमान समयलाई पिरोल्न सक्छ । |
| कर्कट | : ज्ञानगुणका क्षेत्रमा समय व्यतित बन्ने छ । |
| सिंह | : रामरमाइलोका क्षेत्रमा समय व्यतित होला । |
| कन्या | : सामाजिक र परोपकारी क्षेत्रका काममा समय बित्ला । |
| तुला | : श्रमको उचित मूल्यांकन हुने समयको योग छ । |
| वृश्चिक | : योजनालाई रचनात्मक रुप प्रदान गरिएला । |
| धनु | : बाध्यताले खर्च बढ्ने समयको योग देखिन्छ । |
| मकर | : डाहा र प्रतिस्पर्धी पराजित हुने समय छ । |
| कुम्भ | : नवीन रोजगारी र व्यवसायमा मन जाला । |
| मीन | : इच्छाशक्ति र दृढ संकल्पले काममा पूर्णता । |

# के पढ्ने ? सन्तानलाई रोज्न दिनुहोस्



✍ डा. अच्युत शाली घिमिरे

कर्म सत्य रहे जहाँ पनि सुन्दर प्रकाशन हुन सक्छ । कर्महरुद्वारा नै मानव प्रेरणा जागृत गराउन सकिन्छ । कर्म मार्फत मानिसले वस्तुगत रचनाको अध्ययनद्वारा दिव्य चैतन्य, दिव्य सौन्दर्य र दिव्य ज्ञानद्वारा समाजमा स्पष्ट संकेतहरू व्यक्त गर्न सक्नुपर्छ । चाहे त्यो ठूलो होस् वा सानो, कर्ममा मन पूर्ण रूपमा समर्पित हुनुपर्छ ।

आत्मप्रकाशन स्वरूप हामीले गर्ने कर्महरू इन्द्रियग्राह्य भएर धर्तीमा ओर्लिनुपर्छ र व्यावहारिक अन्वेषण प्राप्त गर्न सक्नुपर्छ । आज-भोलि समाजमा ठूलाबडा र धनी वर्गका हुनेखानेले गरिने कामलाई मात्र कथित कर्मका रूपमा व्याख्या गरिन्छ । यो सरासर गलत व्याख्या हो । एसईई नतिजा आएसँगै छोराछोरीलाई जबरजस्ती विज्ञान विषय पढाएर डाक्टर पढाउने तरखरमा हुनुहुन्छ भने एकचोटि सोच्नुहोस् । छोराछोरीलाई आफ्नो मन पर्ने क्यारियर आफैं छान्न दिनुस् ।

छोराछोरी सानो हुँदादेखि नै डाक्टर नै बन्नुपर्छ भन्ने मान्यतामा आम समाज विकसित छ । उसको चाहको विषयभन्दा पनि करलागदी वा देखावटी रूपमा नै अभिभावकको चाहको विषय दिमागमा थोपर्ने नियतिलाई दुर्भाग्य मान्नुपर्छ । यो भन्दैमा डाक्टर बन्नै हुँदैन भन्न खोजेको चैं हैन । र हाल डाक्टर माथि बढ्दै गइरहेका आक्रमणका घटना, अवसर र पैसाको खोजीमा पलायन भइरहेको युवा चिकित्सक जमात, नवढाइएको सरकारी चिकित्सकको दरबन्दी र मौन सरकार लाई देखेर पनि डाक्टरी पेशाको अब भविष्य छैन भन्न खोज्या पनि होइन ।

मानिसको स्वास्थ्यसँग प्रत्यक्ष सरोकार राख्ने यस क्षेत्रमा पाइला टेक्नु भन्दा अगाडि नै संवेदनशील भएर सोच्नु चैं जरुरी छ । उचालेको कुकुरले मृग मार्दैन । त्यसैले अभिभावकले आफ्नो प्रतिष्ठित भविष्यलाई मात्र मध्यनजर गरेर नसक्ने र नचाहने सन्तानलाई यो भुमरीमा धकेल्नुहुँदैन ।

तर अर्को कुरा यस विषय छनोट पछि सन्तानले खर्चिन सक्ने त्याग, तपस्या र मिहिनेतको कदर भने गर्नै पर्छ र यसकै प्रतिफल स्वरूप उसले समाजमा एउटा नाम स्थापित गराउन सक्नुले पनि यो पेशा आकर्षणको केन्द्रमा रहेको बुझ्न सकिन्छ ।

म आफैं पनि चिकित्सा पेशामा छु । मेरो आफ्नै दिदी पनि यही पेशामा हुनुहुन्छ । हामी दुवैले देशकै प्रतिष्ठित चिकित्साशास्त्र अध्ययन संस्थानबाट अध्ययन गरेका हौं । र परिवारकै आकलन गर्दा पनि लगभग धेरै नै यही पेशामा आबद्ध हुनुहुन्छ ।

के हाम्रा अभिभावकले पनि हामीमा जबरजस्ती थोपरिदिएको रूपमा हामीले यस पेशालाई लिएका हौं त ? कदापि हैनौं । सायद पारिवारिक देखासिकी र स्व-चाहनाले पनि यसमा केही हदसम्म भूमिका खेलेको हुनुपर्छ । त्यसैले सबैभन्दा महत्वपूर्ण कुरा हामीले लिने महत्वाकांक्षा र गन्तव्यमा निर्धारण हुन जान्छ । के हामीले गर्ने पढाइ र त्यस पश्चातको कर्ममा प्रेमपूर्ण रहेर आनन्द लिन सक्छौं ? वा यो क्रिया निकै नै सकसपूर्ण हुँदै जान्छ ? यो प्रश्न मननयोग्य छ ।

अचेल मानसिक तनाव, डिप्रेशन हुँदै आत्महत्यासम्मका घटनाहरू मेडिकल विद्यार्थीमा बढ्दै गइरहेका छन् । महँगो शुल्क, छात्रवृत्तिबाट वञ्चित, पढाइको प्रेसर र भविष्यको अन्योल नै यसका कारण हुन् । एउटा अपरिपक्व निर्णयले हामी पनि यसकै शिकार हुन के बेर ?

जब जब अरुका सूक्ष्म अनुभवका आधारमा मानिस आत्मविश्वासले प्रेरणा जित्दै जान्छ र अनन्त मनमस्तिष्कका चेत र आह्वानहरू पहिल्याउँछ, तब मात्र ऊ त्यही कर्मद्वारा आफूसहित परिवार, समाज र देश सुधार्न सक्छ । तर अपरिपक्व निर्णयहरुबाट जब ऊ अँध्यारोमा छट्पटाउँछ, त्यही बोझले थकित भएर गूढ रहस्य भएर बिलाइजान्छ ।

त्यसैले अभिभावक महोदयहरु, बहकाउमा होइन आफ्नो मनको चित्र जुन काम गर्दा सन्तानले भेट्न सक्छन् त्यतैतिर दत्तचित्त भएर लाग्न हौसला प्रदान गर्नुहोस् ।

अहिले एसईई वा प्लस टु अध्ययन पश्चात रंगीन विज्ञापनका भरमा स-साना भाइबहिनीका ध्यान आफूतिर खिचेर मनग्ये पैसा कमाउने साइन्स कलेजदेखि लिएर कोचिङ इन्स्टिच्युटहरु च्याउसरी उम्रिएका छन् ।

डाक्टर बन्ने ठूला सपनाहरू देखाएर, अप्राकृतिक रूपमा अभिभावकका सोचहरू बङ्ग्याएर यस्ता प्राइभेट संस्थाहरूले पनि विद्यार्थीको आफू अनुकूल विषय सोच्ने र छनोट गर्ने काममा प्रतिकूल असर पुऱ्याइरहेका हुन्छन् । सही मार्गनिर्देशन गर्न सके त विद्यार्थीमा आउन सक्ने फ्रस्टेसन र अभिभावकमा पर्ने अनावश्यक बोझ समेत अवश्य हल्का हुनेथियो ।


अचेल प्यारामेडिक्स, सिए, कानुन, कृषि एवं वन विज्ञानमा समेत मानिसको आकर्षण बढ्दैछ । यो मात्र नभएर शिक्षण पेशा, पत्रकारिता, राजनीतिशास्त्र, प्रशासनतर्फ समेत ध्यान दिनुपर्ने आवश्यकता छ । सूचनात्मकताले भरिपूर्ण आजको युगमा तार्किक बहस र तीव्र निश्चयका साथ गरिने कर्महरूले नै हाम्रो भविष्य कति खँदिलो र भरिलो हुनसक्छ भनेर हामी भन्न सक्छौं ।

देशमा नै केही गरेर स्वावलम्बी बनाउने कार्यहरूमा अभिभावकको उचित सुझावहरू सन्तानका लागि हृदयस्पर्शी हुन सक्छन् । कसैको आलोचना वा कसैको वाहवाही आउला भनेर होइन, यथार्थवादी धरातलमा ओर्लिएर सन्तानहरू स्वयं कसरी आफ्नो ऐनामा प्रतिबिम्बित हुनसक्छन्, उसैगरी कर्मको छनोट गर्न दिनुपर्छ ।

चिकित्सा एउटा साधारण पेशा हो जहाँ उसले गर्ने कर्मले व्यक्तित्व निर्धारण गर्छ । यो पेशा अँगाल्नेहरु सबै महान् हुन्छन् भन्ने छैन । त्यसैले कर्म, कर्म गर्नकै निमित्त हुनुपर्छ, त्यसले जीवन मनमा आनन्द दिनुपर्छ, सौन्दर्यचेत छर्दै समाजमा कर्तव्यप्रति सजग गराउन सक्नुपर्छ । यस्तै सन्तानका रोजाइ उन्मुख कर्मलाई समर्थन गर्नु आजका अभिभावकको जिम्मेवारी हो ।

(स्रोतः अनलाईनखबर)

# नेताप्रधान बजेट र कमजोर पूर्वाधार



✍ अच्युतप्रसाद पौडेल चिन्तन

सरकार आफैंले राष्ट्रिय गौरवका रूपमा रहेको बूढीगण्डकी जलविद्युत् आयोजना सञ्चालन गर्ने र यसै असारमा शिलान्यास गर्ने भनेको छ । देश १६ औं योजनाको परिकल्पनातिर अग्रसर भइसकेको छ । १५ औं योजनाले कल्पना गरेका धेरै विषय अफै अधुरा छन् ।

सरकार भने पूर्वाधारमा लगानी र बजेट वृद्धि गर्नुपर्नेमा उल्टो बजेट कटौती गर्दै आफ्नो जिल्ला वा चुनाव क्षेत्रतिर बजेट परिचालन गर्ने रणनीतिमा देखिएको छ । पन्ध्रौं योजनाले राष्ट्रिय, प्रादेशिक लोकमार्ग साबिक ६ हजार ९ सय ७९ किमिबाट १५ हजार किमिमा, द्रुत लोकमार्ग शून्यबाट ७६ किमिमा, रेलमार्ग ४२ किमिबाट १ सय १२ किमिमा पुर्याउने लक्ष्य राखेको हो । यातायात क्षेत्रको सर्वसुलभ पहुँच, व्यापारिक कार्यहरूको खुला र स्वस्थ प्रतिस्पर्धा आजको आवश्यकता हो । प्रादेशिक र स्थानीय पूर्वाधारमा सरकारले ठूलै लगानी नगरेसम्म देशको विकास हुन्न ।

राष्ट्रिय गौरवका आयोजनाहरूको बजेटसमेत कटौती गर्दै ठूला भनिएका नेताहरूका क्षेत्रमा रकम बढी पठाइएको विषय आव ०८०/८१ को बजेट वक्तव्यले पनि पुष्टि गरेको छ । ठूला आयोजनाको ५० प्रतिशतसम्म बजेट काटी कांग्रेस नेता देउवा, माओवादीका अध्यक्ष प्रचण्ड, बजेट पेस गर्ने अर्थमन्त्री प्रकाशशरण र कार्यान्वयन गर्ने भौतिक पूर्वाधारमन्त्री प्रकाश ज्वालातिर धेरै बजेट तानिएको प्रसंगले संसदै हंगामा भएको छ ।

हाम्रो जस्तो विकट भूगोल बोकेको मुलुकमा सन्तुलित विकासका लागि विद्युतीय रेलमार्ग, सुलभ र पहुँचयोग्य हवाईमार्गले हाम्रो भू-बनोटलाई जोड्न सक्नुपर्ने हो । विकासमा सक्रियताको नाममा सरकारले दलीयकरण हुने गरी सांसद निर्वाचन क्षेत्र भन्दै पुनः रकम वितरण गर्न लागेको छ । यातायातका लागि काठमाडौं प्रवेश असहज छ, नागढुंगा सुरुङमार्ग आउने आवमै सम्पन्न गर्ने सरकारी भनाइ छ । हालैको बजेटमा यसको बाँकी काम पूरा गर्न ५ अर्ब १३ करोड हालेको देखिन्छ ।

त्यस्तै नागढुंगा-नौबीसे सडकको स्तरोन्नति गर्ने, नौबीसे-मुग्लिङ खण्डको पनि निर्माण एवं स्तरोन्नति गरिने भनिएको छ । मुग्लिङ-पोखरा सडक विस्तार गर्ने पनि बजेटमा उल्लेख छ । राजमार्ग र रणनीतिक सडकअन्तर्गत १ सय ५० वटा पुल निर्माण सम्पन्न गरिने, काठमाडौं चक्रपथको कलंकी-बसुन्धरा खण्डको सडक विस्तार तथा निर्माण कार्यलाई २ अर्ब ७ करोड विनियोजन गर्दै ललितपुरको ग्वार्कोमा फ्लाइओभर निर्माण कार्य पनि आउने आवमै पूरा गरिने; कोटेश्वर, सातदोबाटो र एकान्तकुनामा फ्लाइओभर र अन्डरपासको निर्माण कार्य सुरु गरिने बजेटमा भनिएको छ ।

राष्ट्रिय राजमार्गलाई दुरुस्त राख्न करिब ३ सय ५० किमि सडकको आवधिक मर्मत र स्तरोन्नति गर्नुका साथै करिब ७ हजार ८ सय किमि राजमार्गको नियमित मर्मत-सम्भार गर्न रकम विनियोजित गरिएको छ । राष्ट्रिय सडक सञ्जालसँग अझै नजोडिएको हुम्लाको सदरमुकाम सिमिकोटमा ट्र्याक खोल्ने कार्य सम्पन्न गरी सडक सञ्जालमा जोडिने र कर्णाली कोरिडोरअन्तर्गत खुलालु-सलिसल्ला खण्ड र हिल्सा-सिमिकोट खण्ड निर्माणका लागि १७ करोड विनियोजित गर्दै बाढी र पहिरोबाट क्षतिग्रस्त कर्णाली राजमार्गलाई पुनर्स्थापना र स्तरोन्नति गरिने आव ०८०/८१ को बजेटमा उल्लेख गरिएको छ ।

नागरिक जीवनलाई सहज बनाउने, आर्थिक विकासको आधार तयार गरिने, प्रतिफलयुक्त, सुरक्षित, गुणस्तरीय र दिगो यातायात पूर्वाधारमा लगानी केन्द्रित गरिने मीठो कुरा पनि बजेटमै गरिएको छ, विगतकै । पूर्वपश्चिम राजमार्गलाई चार लेनमा विस्तार गर्ने, नारायणगढ-बुटवल र कमला-कन्चनपुर खण्डको विस्तार कार्यलाई तीव्रता दिइने, कमला-ढल्केबर-पथलैया-बुटवल-गोरुसिंगे, काँकडभिट्टा-लौकही, पथलैया-नारायणगढ र लमही-भालुबाड सडकको स्तरोन्नति गरिने, मध्यपहाडी राजमार्गअन्तर्गत पाँचथर, रामेछाप, नुवाकोट, पर्वत, बागलुङ, जाजरकोटलगायत १२ खण्डको निर्माण तथा स्तरोन्नति गर्न पनि ३ अर्ब ९६ करोड बजेट राखेको देखिन्छ ।

समग्रमा भौतिक पूर्वाधार तथा यातायातअन्तर्गत नै १ खर्ब ३१ अर्ब ५९ करोडको बजेट बनाइएको छ । पूर्वाधार क्षेत्रमा व्यापक लगानी त छ, तर प्रकृतिको ताण्डव नृत्यले लगानीभन्दा बढीको नोक्सान पनि सँगसँगै भएका छन् । त्यसको अर्थ हुन्छ हामी पूर्वाधारमा सचेत छैनौं र संरचनाहरू ध्वस्तप्रायः छन् । साह्रै कमजोर संयन्त्र छ हाम्रो, र त हरेकजसो विषयमा गरिएको लगानी केवल बालुवामा हालेको पानीजस्तै भएको छ । बजेट तान्ने र खुम्च्याउने शैलीमा पनि हामी माहिर छौं । लागत वृद्धि गर्न समय थप्छौं धेरै, मेलम्ची खानेपानीजस्तो संवेदनशील विषयमा पनि हामी सचेत हुन सकेनौं ।

बहुप्रतीक्षित काठमाडौं-तराई मधेस द्रुतमार्गको निर्माण सुरु ०७४ सालदेखि भएको हो भने पूरा हुनुपर्ने समय आव ०८०/८१ हो । आव ०७९/८० मा भन्दा आउने वर्षमा यसको बजेट ७ अर्ब ५७ करोड ४८ लाखले घटाइएको छ, यसको म्याद थप गरी ०८३ साल पुर्याइएको छ । निर्माण सुरु भएको ६ वर्षमा भौतिक प्रगति २३.४५ प्रतिशत मात्र छ, यस आयोजनामा हालसम्म ४१ अर्बभन्दा बढी खर्च भइसकेको छ । १ करोड मानिसलाई लाभ पुग्ने भनिएको अर्को राष्ट्रिय गौरवको आयोजना हो, मध्यपहाडी मार्ग । यसले २६ जिल्लाका २ सय १५ बस्तीलाई जोड्ने भनियो । आव ०६४/६५ मा सुरु भएको यो आयोजना पूरा हुनुपर्ने आव ०७३/७४ मै हो । पछि ०७९/८० मा सक्ने भन्दै म्याद थपियो । दुईपल्ट म्याद थपिँदा पनि यसको भौतिक प्रगति ६९.५७ प्रतिशत मात्र छ । चालु आवमा ९ अर्ब ३३ करोड १६ लाखको बजेट हो, यसमा ५ अर्ब ३७ करोड ४१ लाख घटाएर जम्मा ३ अर्ब ९५ करोड ७५ लाख गरिएको छ अब ।

आयोजना सुरु भएदेखि ६२ अर्ब ४६ खर्च भइसकेको छ, यस आवमा मात्रै पनि ३ अर्ब ६९ करोड खर्च भइसकेको देखिन्छ । पूरा हुने समय भने आउने ०८४/८५ लाई सारिएको छ, पछि पनि कति सर्ने हो ? अर्को छ हुलाकी राजमार्ग । चितवन, नवलपरासी, कपिलवस्तु, दाङलगायतको क्षेत्र ओगटेको यो राजमार्ग पनि राष्ट्रिय गौरवको हो । ०६६/६७ मा सुरु भएको यो मार्गको काम हाल ०७९/८० मै सकिनुपर्ने थियो । यसमा हालसम्म ५६ अर्ब ६१ करोड खर्च भइसकेको छ । सुरुमा अनुमानित लागत ६५ अर्ब २० करोड हो, तर भौतिक प्रगति ८४.५३ प्रतिशत मात्र छ ।

चालु आवमा मात्रै ६ अर्ब ७ करोड २० लाख खर्च भइसकेको देखिन्छ भने आउने वर्षका लागि ३ अर्ब ४८ करोड ९० लाख मात्र रकम प्रस्ताव गरिएको छ । लोकतन्त्र बहाली भएपछि नेताका नाममा धेरै राजमार्ग छन् । त्यसमा मदन भण्डारी मार्ग निर्माणको पाँच वर्षमा प्रगति ४० प्रतिशत छ । सडकको लम्बाइ १ हजार ३ सय ९० किमिमा ७ सय ९० किमि यो आयोजनाले र बाँकी काम सडक विभागले हेर्ने हो । सुरुमा अनुमानित लागत ७५ अर्ब र ०८०/८१ सम्ममा पूरा हुनुपर्ने हो ।

चालु वर्षमा यसका लागि रकम २ अर्ब ९१ करोड १२ लाख राखिएको थियो, आउने आव ०८०/८१ का लागि यसमा पनि बजेट घटेको देखिन्छ । यता गल्छी-केरुङ-स्याफ्रुबेसी-रसुवागढी सडकमा पनि बजेट घटेको छ । यो वर्ष १ अर्ब ८५ करोड ७५ लाख भएकोमा आउने ०८०/८१ मा ५१ करोड ३१ लाखमात्रै परेको छ, १ अर्ब ३४ करोड ४४ लाख

...बाँकी पृष्ठ ४ मा

# ब्रह्मदिक् एकेडेमीमा हाउस क्याप्टेन निर्वाचित




*निर्वाचित ४ जना हाउस क्याप्टेनहरु ।*

समाज संवाददाता

हेटौँडाः हेटौँडा-४, कमलडाँडास्थित बह्मदिक् एकेडेमीमा सोमबार ४ जना हाउस क्याप्टेन निर्वाचित भएका छन् । २० जना उम्मेदवार मध्ये ४ जना निर्वाचित भएका हुन् । विद्यार्थीलाई निर्वाचनको प्रक्रियाका बारेमा बुझाउन र विद्यालयका विद्यार्थी प्रतिनिधि चयनका लागि अभ्यास गरिएको निर्वाचनबाट १०६ मतसहित ९ कक्षाका अजित कुमार यादव, ८१ मतसहित १० कक्षाकी साइमन कार्की, ३६ मतसहित ९ कक्षाकी खुसी लामिछाने र ३२ मतसहित १० कक्षाकी साविया कार्की निर्वाचित भएको विद्यालयका प्रिन्सीपल रामबाबु सापकोटाले जानकारी दिनुभयो ।

निर्वाचनमा ४ कक्षादेखि १० कक्षासम्म अध्ययनरत ५ सय ७० विद्यार्थीलाई मतदानको अधिकार थियो । कुल ४ सय ३८ मत खसेकोमा ९ मत मात्रै बदर भएको थियो । गत बर्षदेखि विद्यालयले निर्वाचनको अभ्यास गर्न सुरु गरेको हो । निर्वाचनमा ६ कक्षादेखि १० कक्षासम्मका विद्यार्थी उम्मेदवार हुने व्यवस्था गरिएको थियो । प्रिन्सीपल रामबाबु सापकोटाले जानकारी दिनुभयो । असार १९ गते उम्मेदवारी दर्ता गरी निर्वाचनको प्रक्रिया सुरु गरिएको थियो ।

एउटा सेक्सनबाट एक छात्र र एक छात्रालाई उम्मेदवार हुने अवसर दिइएको थियो । निर्वाचित ४ जना विद्यार्थीलाई ४ वटा हाउस क्याप्टेनको जिम्मेवारी दिइने बताइएको छ । मकवानपुर जिल्लामा प्रदेश सभाको ४ वटा क्षेत्रलाई संकेत गर्ने गरी ४ वटा हाउसको क्याप्टेनको निर्वाचन गरिएको हो । विद्यार्थीबीच निर्वाचनका लागि आवश्यक सामग्री जिल्ला निर्वाचन कार्यालय मकवानपुरले उपलब्ध गराएको छ ।

## नेताप्रधान बजेट...

खर्च भइसकेको भनिन्छ । उता उत्तर-दक्षिण राजमार्ग कोसी, कालीगण्डकी-कर्णाली मार्ग निर्माणाधीन छ । ४ अर्ब ६९ करोड ५२ लाख रकम विनियोजन भएकोमा आव ०८०/८१ का लागि ३ अर्ब ३० करोड ६९ लाखको मात्र देखिन्छ ।

नागढुंगा-सिस्नेखोला मार्ग पनि निर्माणाधीन छ । यो वर्षमा यसले ५ अर्ब ४१ करोड ४१ लाख रकम पाएको थियो भने आउने आवका लागि यसले ५ अर्ब १२ करोड ७१ लाख पाएको छ । गौरवकै आयोजनामा मेट्रो-मोनोरेल विकास आयोजनाले यो आवमा ५ अर्ब ५२ करोड ८७ लाख बजेट पाएको र आउने आवका लागि यसले १ अर्ब ३ करोड ३ लाख मात्र पाएको छ । पूर्वपश्चिम विद्युतीय रेलमार्गको नामले परिचित यो आयोजना काँकडभिट्टा-इनरुवा मार्गमा सरकारले ५ हजार ५ सय कित्ता जमिन रोक्का राखेको छ ।

आयोजना सुरु भएको डेढ दशक भइसक्यो, जग्गावालाले मुआब्जा पाएका छैनन्, प्रगति छँदै छैन, आगामी वर्षमा जग्गा मुआब्जाका लागिसमेत रकम विनियोजन भएको छैन । यता नारायणगढ-बुटवल सडक खण्डको सुरुवाती ०७५ साल र सक्नुपर्ने समय ०८० हो, जुन अधुरो छ । उत्तर-दक्षिण कर्णाली लोकमार्ग हिल्सा-सिमिकोटको सुरुवाती समय आव ०६५/६६ हो र पूरा हुनुपर्ने समय ०७९/८० आव हो, अधुरै छ ।

त्यस्तै उत्तर-दक्षिण कालीगण्डकी-जोमसोम-कोरला खण्डको सुरुवाती समय ०७३ साल र सकिनुपर्ने समय हो । ०८०/८१ हालसम्मको प्रगति अधुरै छ । समग्रमा भन्नुपर्दा प्रादेशिक तथा स्थानीय पूर्वाधारको विकास गरी सन्तुलित एवं समावेशी विकास गर्ने सरकारी योजना कागजमा सीमित छ । स्थानीय श्रम, सीप र स्रोतसाधन अनि प्रविधि प्रयोग गरी वातावरणमैत्री विकासका पूर्वाधार तयार गर्न हामी कहाँ चुक्यौं ? यो खोजीको विषय बनेको छ ।

सार्वजनिक यातायातको अवस्था पनि नाजुक छ, ठूलै समस्या छ । पंक्ति तयार गरिरहँदा मुग्लिङ-नारायणगढ सडक अवरुद्ध भई हाहाकार भइरहेको अवस्था थियो भने हालसम्म दुर्घटनारहित आवतजावत हुन सकेको छैन ।

*(स्रोत: कारोबारदैनिक)*


# मकवानपुर बालविद्या सदन

## हेटौंडा-१८, खड्कुले

# हार्दिक बधाई



Brishkamal Karki 3.9




Kusum Khadka 3.75



Samana Bal 3.75



Kripa Adhikari 3.7 Den Guragain 3.6 Roman B.k 3.35 Riju Limbu 3.55 Shristi BK 3.55



Dipesh Baniya 3.45 Rupesh Ghimire 3.2 Kopila Ghalan 3.25

यस विद्यालयबाट एस.ई.ई. परीक्षा २०७९ मा सफल हुनुहुने सम्पूर्ण विद्यार्थीहरु, अहोरात्र मिहिनेत गर्नुहुने प्रधानाध्यापक, सहायक प्रधानाध्यापक तथा शिक्षक वर्गहरु र विद्यालय कर्मचारीहरु सम्पूर्णलाई हार्दिक बधाई ज्ञापन गर्दछौं । साथै उत्कृष्ट नतिजा प्राप्तिमा योगदान पुऱ्याउनुभएको सबैमा हार्दिक आभार प्रकट गर्दछौं ।

**सुदीपराज गिरी**
**अध्यक्ष**
**एवम् विद्यालय व्यवस्थापन समिति परिवार**

**कृष्ण बहादुर अधिकारी**
**अध्यक्ष**
**एवम् शिक्षक अभिभावक संघ परिवार**



## कृषि तथा वन विज्ञान विश्वविद्यालय
## वन विज्ञान संकाय
डीनको कार्यालय
हेटौँडा, मकवानपुर

### मौजुदा सूचीमा सुचीकृत हुने सम्बन्धी सार्वजनिक सूचना

*(सूचना प्रकाशित मिति २०८०/०३/२५ गते)*

सार्वजनिक खरिद ऐन, २०६३ को परिच्छेद-२, दफा ६क. तथा सार्वजनिक खरिद नियमावली, २०६४ को परिच्छेद-३ नियम १८ अनुसार सार्वजनिक निकायबाट सोहि ऐन वमोजिम हुने खरिद कार्यको लागि आ.व.२०८०/०८१ मा मौजुदा सूचीमा दर्ता भई सुचीकृत हुन इच्छुक योग्य व्यक्ति, फर्म, संस्था, आपूर्तिकर्ता, निर्माण व्यवसायी, परामर्शदाता, गैरसरकारी संस्था वा सेवा प्रदायकहरुमा आफू सूचीकृत हुन चाहेको प्रकृति स्पष्ट खुलाई सार्वजनिक खरिद नियमावली, २०६४ अनुसूची-१क. अनुसार यस संकायमा मिति २०८०/०३/२५ गते देखि मिति २०८०/०४/०८ गते सम्ममा आवेदन दिई मौजुदा सूचीमा सूचीकृत हुन सुचित गरिन्छ ।

**आवेदनका साथ निम्न कागजातहरूको प्रतिलिपि संलग्न गर्नु पर्नेछः-**

१. संस्था दर्ता वा फर्म दर्ताको प्रमाणपत्र
२. नविकरण गरिएको प्रमाणपत्र
३. मूल्य अभिवृद्धि कर वा स्थायी लेखा नम्बर दर्ताको प्रमाणपत्र
४. प्रचलित कानुन वमोजिम नेपाल सरकारलाई तिरेको करको चुक्ता गरेको प्रमाणपत्र
५. व्यक्तिको हकमा नागरिकताको प्रमाणपत्र र व्यक्तिगत लेखा नम्बरको प्रमाणपत्र

**डीन**



# स्वादिष्ट नेवारी खाजा




अब

## होटल बासुकला (फास्टफुड) मा

स्वादका पारखीको विश्वास जित्दै २५ बर्षदेखि निरन्तर सेवामा समर्पित स्वादिष्ट नेवारी खाजा घरमा स्वागत गर्दछौं ।

नेवारी खाजा सेट, मःम, चाउमिन, बारा, योमरी लगायतका खाजा खान हार्दिक स्वागत गर्दछौं ।

होम डेलिभरीको पनि सुविधा रहेको जानकारी गराउँदछौं ।

०५७-५२६०१३



**बालबालिकालाई मैत्रीपूर्ण वातावरणमा पढ्न, लेख्न सिकाउन अभिभावक जिम्मेवार बनौं ।**



## कोटेशन आव्हान

*(प्रथम पटक सूचना प्रकाशित मिति २०८०/०३/२६ गते)*

हेटौँडा-५ स्थित जीएस निकेतन मावि परिसरमा ८०० वर्गफिट क्षेत्रफलमा बालउद्यान निर्मणका लागि फाइवरबाट बनेका निम्न सामग्रीहरु आवश्यकता परेको हुँदा मान्यता प्राप्त कम्पनिबाट घटाघटमा स्वीकृत हुने गरी रितपूर्वक कोटेशन आव्हान गरिएको छ । कोटेशन यही मिति २०८० साल असार २८ गते दिनको ४ बजेभित्र पेश गरिसक्नुपर्नेछ ।

**आवश्यक सामग्री**

१) Big play station १ सेट ।
२) Pizada merry fo round १ सेट ।
३) Merry go round १ सेट ।
४) Trampoling १ सेट ।
५) Rocker १ सेट ।
६) Dusbin १ प्रति ।
७) Indore slider १ प्रति ।
८) Aeroplane merry go round १ प्रति ।
९) Sesaw १ प्रति ।
१०) Artificial frass 35mm प्रतिवर्गफिट/वर्गमिटर

**संयोजक**
**निर्माण तथा खरिद समितित**
०५७-५२३४१५/९८४५०२२७४१



## गुणस्तरीय अनि विश्वसनीय प्रयोगशाला
## QRL (Qualified Reference Lab)

हामीकहाँ थाइराइड, बायप्सी, रुटिन टेस्ट, भिटामिन जाँच, क्यान्सर मार्कर लगायत प्रयोगशाला सेवा रहेका छन् । हरेक महिनाको अन्तिम शनिबार थाइराइड परीक्षणमा ५० प्रतिशत छुट, फास्टिङ तथा पीपीमा सुगर टेस्ट फ्रि ।



**सम्पर्क**
०५७-५९०९७७
QRL (Qualified Reference Lab)
हेटौँडा-१, ब्लडबैंकअगाडि



## श्री चन्द्रोदय आधारभुत विद्यालय
हेटौँडा-१३, टुटेपानी, मकवानपुर

### शिक्षक आवश्यकता

*सूचना प्रकाशित मितिः २०८०/०३/२६ गते*

प्रस्तुत विषयमा शिक्षा विकास तथा समन्वय इकाइ मकवानपुरको मिति २०८०/०३/१७ गतेको च.न. १६५४ को प्राप्त अनुमतिपत्र र विद्यालय व्यवस्थापन समितिको मिति २०८०/०३/२४ मतै बसेको बैठक निर्णय अनुसार यस विद्यालयमा रिक्त रहेको नि.मा.वि. गणित विषयको राहत करार शिक्षक पदको लागि इच्छुक योग्यता पुगेका नेपाली नगरिकहरुमा तपसिल बमोजिमको दरखास्त आह्वान गरिन्छ ।

**तपसिल**
विज्ञापन नं.: १/२०७४/०८०
तहः नि.मा.वि. (राहत अनुदान कोटा करार) ।
विषयः गणित ।
आवश्यक पद संख्याः १ जना ।
शैक्षिक योग्यताः गणित विषयमा प्रविणता प्रमाणपत्र तह वा माथिल्लो तह उत्तीर्ण ।
उमेरः १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको ।
परीक्षाको किसिमः लिखित र अन्तरवार्ता ।
दरखास्त दस्तुरः रु.१,५००/-
दरखास्त दिने अन्तिम मितिः २०८०/०४/०९ गतेसम्म ।
सम्पर्क मितिः २०८०/०४/१० गते ।
परीक्षा मितिः सम्पर्क मितिको दिन तोकिने छ ।

**आवश्यक कागजातहरुः**
- हस्तलिखित निवेदन १ प्रति ।
- शैक्षिक योग्यता प्रमाणपत्रको प्रतिलिपि २ प्रति ।
- चारित्रिक प्रमाणपत्रको प्रतिलिपि २ प्रति ।
- ज्ञागरिकता प्रमाणपत्रको प्रतिलिपि २ प्रति ।
- स्थायी अध्यापन अनुमतिपत्रको प्रतिलिपि २ प्रति ।
- शिक्षक सेवा आयोगको करार सूचीमा परेकाहरुको हकमा योग्यता क्रमको आधारमा विज्ञापन भएको ७ (सात)दिन भित्र मात्र नियुक्ति गरिने छ । अन्यथा खुल्ला उमेदवारहरुकौ लागि शिक्षा नियमावली २०५९ (संशोधन सहित) को प्रक्रिया पुरा गरी नियुक्ति गरिने छ ।

सम्पर्क नं.: ९८४५८४६६२८/९८४५०५७३०५/९८६२५६७२७२

**बोधार्थः**
श्री शिक्षा विकास तथा समन्वय इकाइ, हेटौँडा, मकवानपुर ।
श्री शिक्षा विकास महाशाखा, हेटौँडा उपमहानगरपालिकाको कार्यालय, हेटौँडा मकवानपुर ।
श्री १३ नं. वडा कार्यालय, हेटौँडा, मकवानपुर ।

**सुकुलाल मुक्तान**
**प्रधानाध्यापक**

# एसिया रग्बी यू–२० च्याम्पियनसिपमा मकवानपुरका ६ खेलाडी




*ब्यानरसहित प्रभातफेरीमा सहभागी ।*

समाज संवाददाता

हेटौंडाः मकवानपुरका ६ जना खेलाडीले एसिया यू–२० रग्बी च्याम्पियनसिप खेल्ने भएका छन् । यू–२० रग्बीको महिला र पुरुष राष्ट्रिय टिममा मकवानपुरका ३–३ जना खेलाडी छनोट भएका हुन् ।

नेपाल रग्बी संघले रग्बीको अन्तरर्ाष्ट्रिय प्रतियोगिता खेल्नका लागि छनोट गरेको टिममा मकवानपुरका ६ जना खेलाडी पर्न सफल भएको मकवानपुर रग्बी संघका अध्यक्ष लीलाकुमार घलानले जानकारी दिनुभयो । संघले असार १७ गतेबाट २१ गतेसम्म पोखरामा गरेको खेलाडी छनोटमा मकवानपुरका ६ जना खेलाडी पर्न सफल भएको उहाँले बताउनुभयो ।

महिलातर्फ २० र पुरुष २० जना खेलाडीको अन्तिम छनोटमा महिला र पुरुष दुबै टिमका लागि समान ३–३ जना मकवानपुरका खेलाडी छनोट भएका हुन् । छनोट हुनेमा महिलातर्फ सुष्मा पाख्रिन, ज्योति बोम्जन र मनिसा घिसिङ रहेका छन् । पुरुषतर्फ अभिषेक थापा, अबि राई र विशेक बछार छनौट भएका छन् ।

एसिया रग्बी यू–२० च्याम्पियनसिप काठमाडौंमा हुने भए पनि अभै प्रतियोगिताबारे ठोस निर्णय नभएको अध्यक्ष घलानले बताउनुभयो । उहाँका अनुसार एसिया रग्बी कप आगामी भदौमा आयोजना हुने सम्भावना छ । प्रतियोगिता नभएसम्म खेलाडीहरु पोखरामा बन्द प्रशिक्षणमा रहनेछन् । प्रतियोगिता १५ ‘ए’ साइड भएमा २० जना टिममा रहने र ७ ‘ए’ साइड भएमा १२ खेलाडीमात्र टिममा रहने अध्यक्ष घलानले बताउनुभयो ।

# नेपाल प्रथम मकवानपुर क्याम्पसका गौतम सम्मानित



समाज संवाददाता

हेटौंडाः त्रिभुवन विश्वविद्यालयअन्तर्गत स्नातक तह बाणिज्य संकायमा नेपाल प्रथम हुन सफल मकवानपुर बहुमुखी क्याम्पसका विद्यार्थी प्रकाश गौतम सम्मानित भएका छन् । पब्लिक क्याम्पस संघको स्थापना दिवस तथा बागमती प्रदेश अधिवेशनको अवसरमा सोमबार काठमाडौंमा गौतमलाई नगद १५ हजारसहित गणेशमान पालिखे सम्मान प्रदान गरिएको हो ।

संघीय सरकारका अर्थमन्त्री प्रकाश शरण महतले गौतमलाई सम्मानपत्र प्रदान गर्नुभयो । चार वर्षे स्नातक तहको समग्र नतीजा ७६.७५ प्रतिशत हासिल गर्दै गौतम सामुदायिक क्याम्पसतर्फ स्नातक तहमा नेपाल प्रथम भएका हुन् । कार्यक्रममा मकवानपुर बहुमुखी क्याम्पसका सञ्चालक समिति अध्यक्ष अनन्तप्रसाद पौडेल, क्याम्पस प्रमुख डा. शंकरप्रसाद उपाध्याय, सहायक क्याम्पस प्रमुख डा. यमबहादुर सिलवाल, पब्लिक क्याम्पस प्राध्यापक संघ मकवानपुर बहुमुखी क्याम्पस इकाईका अध्यक्ष केशव तिमल्सिनाको पनि उपस्थिति रहेको थियो ।

सामुदायिक क्याम्पसहरुको साभ्फा संस्थाको अधिवेशनमा क्याम्पस सञ्चालक समिति अध्यक्ष, क्याम्पस प्रमुख, प्राध्यापक संघको अध्यक्ष प्रतिनिधि हुने व्यवस्था छ । यसैबीच अधिवेशनबाट मकवानपुरको हेटौंडा-१९, बस्तीपुरस्थित निर्मल बहुमुखी क्याम्पसका अध्यक्ष राजकुमार भेटवाल र हेटौंडा-१३, पदमपोखरीस्थित पदमपोखरी बहुमुखी क्याम्पसका प्रमुख निबन्ध लामा प्रदेश समितिको सदस्य निर्वाचित हुनुभएको छ ।

# जिसस मकवानपुरद्वारा ४४ जना विद्यार्थीलाई छात्रवृत्ति वितरण



*छात्रवृत्ति वितरणपछि सामूहिक तस्वीर खिचाउँदै ।*

समाज संवाददाता

हेटौंडाः जिल्ला समन्वय समिति (जिसस) मकवानपुरले ४४ जना विद्यार्थीलाई छात्रवृत्ति प्रदान गरेको छ । सोमबार एक कार्यक्रमको आयोजना गरी जिल्लाभित्रका आठ सामुदायिक क्याम्पसमा स्नातक र स्नातकोत्तर तह अध्ययनरत ४४ विद्यार्थीलाई छात्रवृत्ति वितरण गरिएको हो ।

प्रतिविद्यार्थी ९ हजार रुपैयाँका दरले छात्रवृत्ति प्रदान गरिएको हो । छात्रवृत्ति पाउनेमा मकवानपुर बहुमुखी क्याम्पसबाट सम्भ्फना महर्जन, पूर्णिमा पोखरेल, निष्मा घिमिरे, सुजिना श्रेष्ठ र उसिपा पौडेल रहेका छन् । यस्तै हेटौंडा क्याम्पसबाट निमा महत, आशिष घलान, अजिता बिडारी र ज्योति पुडासैनी रहेका छन् । यस्तै वंशगोपाल बहुमुखी क्याम्पसबाट अनुजा ढकाल, उत्कर्ष पौडेल, सन्तोष पुडासैनी र सुभाष राई रहेका छन् । थाहा नगरपालिकास्थित पालुङ बहुमुखी क्याम्पसबाट एलिना मोक्तान, सविता अधिकारी, देवनाथ वाईबा, सरु थोकर, सुनिता भट्ट, खुशी थोकर, पुष्पा पाख्रिन र रोजिना बलामी रहेका छन् ।

यस्तै निर्मल बहुमुखी क्याम्पसका पावल प्रजा, विष्णुमाया थोकर, समिना थोकर, गोमा स्याङ्तान, सुनिता बल, सुनिल थिङ, अस्मिता थिङ र सुस्मिता स्याङ्तान रहेका छन् । यस्तै मनहरी बहुमुखी क्याम्पसबाट गुणराज स्याङ्बो, शितल लामा, दिपेन्द्र प्रजा, मनिराज मोक्तान, लेबी भोलन र निराजन अर्याल रहेका छन् । यस्तै पदमपोखरी बहुमुखी क्याम्पसका मिरा वाईबाले छात्रवृत्ति पाएका छन् । हटिया जनप्रिय बहुमुखी क्याम्पसबाट सरस्वती ढकाल, बिनिता तिमल्सिना, सुजता राई, मुना गोले, पुष्पा बास्तोला, प्रमिला स्याङ्बो र आइश्री भोलन रहेका छन् ।

छात्रवृत्ति वितरण कार्यक्रममा सम्बोधन गर्नुहुँदै जिसस मकवानपुरका प्रमुख ललित घलानले जिल्लाभित्रका सामुदायिक क्याम्पसमा अध्ययनरत आर्थिक समस्या भएका केही विद्यार्थीलाई समेटेर छात्रवृत्ति वितरण गरिएको बताउनुभयो । उहाँले सबै विद्यार्थीले आफ्नो पढाईलाई निरन्तरता दिन सक्नुपर्ने बताउनुभयो । जिसस मकवानपुरका उपप्रमुख सानुकाजी लुइटेलको सभाध्यक्षतामा भएको छात्रवृत्ति वितरण कार्यक्रममा शिक्षा विकास तथा समन्वय इकाई मकवानपुर प्रमुख दीनानाथ गौतम, जिससका सदस्यहरु र क्याम्पसका प्रमुखहरुको उपस्थिति रहेको थियो ।

# दैनिक उपभोग्य वस्तुमा चर्को मूल्यवृद्धि

**काठमाडौंः नेपालमा अघिल्लो आर्थिक वर्ष (आव) २०७८/७९ को तुलनामा चालु आव २०७९/८० मा मूल्यवृद्धि नियन्त्रित अवस्थामा देखिएको छ । तर, दैनिक उपभोग्य वस्तुमा भने चर्को मूल्यवृद्धि कायम छ ।**

**नेपाल राष्ट्र बैंकका अनुसार वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फीति जेठ मसान्तमा ६.८३ प्रतिशत रहेको छ । अघिल्लो आवका यसै महिनामा यस्तो मुद्रास्फीति ८.५६ प्रतिशत थियो । यसलाई उपसूचक अनुसार हेर्दा भने दैनिक उपभोग्य वस्तुको मूल्य उच्च दरले बढेको छ ।**

**मर–मसला उपसमूहको मूल्य ३५.२९ प्रतिशत, रेष्टुरेन्ट तथा होटलको १४.३६ प्रतिशत, खाद्य तथा खाद्यजन्य पदार्थको १३.०६ प्रतिशतले मूल्य बढेको छ ।**

**दुग्ध पदार्थ तथा अण्डाको १०.९८ प्रतिशत र सुर्तीजन्य पदार्थको मूल्य मात्र ८.४९ प्रतिशतले बढेको छ । तथ्यांकअनुसार खाद्यान्नको तुलनामा सुर्तीजन्य पदार्थको मूल्य कम बढेको हो । घिउ तथा तेल उपसमूहको मूल्य भने १६.६० प्रतिशतले घटेको छ । (स्रोतः अनलाइनखबर)**

# थाहाको वित्तीय प्रगति सार्वजनिक

समाज संवाददाता

हेटौंडाः मकवानपुरको थाहा नगरपालिकाले चालु आर्थिक वर्ष २०७९/०८० को वित्तीय प्रगति सार्वजनिक गरेको छ । आइतबार एक सूचना जारी गर्दै नगर पालिकाले चालु आर्थिक वर्षको वित्तीय प्रगति सार्वजनिक गरेको हो ।

चालु आर्थिक वर्षको सम्पूर्ण खर्च तथा भुक्तानीसम्बन्धी लेखांकन कार्य पनि आइतबारदेखि बन्द गरिएको छ । चालु आर्थिक वर्षमा चालुतर्फ ५२ करोड १७ लाख ९१ हजार १ सय रुपैयाँ बजेट विनियोजन भएकोमा ४७ करोड १० लाख ९४ हजार २ सय ७२ रुपैयाँ खर्च भएको छ । यस्तै, पुंजीगततर्फ ६७ करोड ८ लाख २० हजार ७ सय ६२ रुपैयाँ बजेट विनियोजना भएकोमा ४७ करोड ५६ लाख ४४ हजार ५ सय ८४ रुपैयाँ खर्च भएको छ । थाहाले चालु आर्थिक वर्षमा कुल विनियोजित बजेटको ८०.५९ प्रतिशत खर्च गरेको छ ।

थाहाको आगामी आर्थिक वर्ष २०८०/०८१ को लागि चालु आर्थिक वर्षमा भन्दा घटाएर बजेट आएको छ । थाहाले आगामी आर्थिक वर्षका लागि ९८ करोड ८८ लाख ४१ हजार ८ स ७ रुपैयाँ विनियोजन गरेको छ । जसमा संघीय सरकारबाट प्राप्त समानीकरण अनुदान १२ करोड ४० लाख, समपूरक अनुदान ५० लाख, विशेष अनुदान १ करोड, सशर्त अनुदान ३१ करोड १४ लाख रुपैयाँ रहेको छ ।

## *प्रथम त्रैमासिक...*

**कोर्षहरु पढाउने उहाँले जानकारी दिनुभयो ।**

**परीक्षाको नजिक भएकाले प्रायः सबै विद्यार्थी नियमित उपस्थित हुन थालेको प्रधानाध्यापक दाहालले बताउनुभयो । तराईका विद्यार्थी बढी भएकाले २ प्रतिशत विद्यार्थी नियमित नभएको उहाँको भनाइ छ । तर, परीक्षा आयो भन्ने माहोल विद्यालयमा बनिसकेको उहाँले बताउनुभयो । विद्यालयमा एक हाजर ९ सय ४० जना विद्यार्थी अध्ययनरत् छन् ।**

**नगरस्तरीय शैक्षिक समन्वय समिति हेटौंडाका अध्यक्ष खतिवडाले आउँदो साउन ९ गतेदेखि १७ गतेसम्म प्रथम त्रैमासिक परीक्षा सञ्चालन गरिने बताउनुभयो । समिति परीक्षाको तयारीका लागि अघि बढिसकेको छ । प्रश्नपत्र निर्माण गरिसकेको छ । प्रश्नपत्रको परीक्षण भइरहेको उहाँले जानकारी दिनुभयो ।**

**प्रथम त्रैमासिक परीक्षा प्रायः विद्यालयले आफ्नो अनुकूलताअनुसार सञ्चालन गरिरहेका हुन्छन् । जसले गर्दा कति विद्यालयका कति विद्यार्थी सहभागी हुन्छन् भन्ने कुरा यकिन भइनसकेको उहाँले बताउनुभयो । कति विद्यालयका कति विद्यार्थी सहभागी हुन्छन् भन्ने कुरा यस महिनाको अन्तिममा यकिन हुने उहाँको भनाइ छ ।**

**विद्यालय र विद्यार्थीको संख्या यकिन भएपछि प्रश्नपत्र छपाईमा समिति लाग्ने र ७ गतेदेखि विद्यालयहरुमा प्रश्नपत्र पुऱ्याउने उहाँले जानकारी दिनुभयो । गत वर्षहरुमा नगरस्तरीय शैक्षिक समन्वय समितिले प्रश्नपत्रसँगै उत्तरपुस्तिका उपलब्ध गराएको थियो । तर यसवर्ष भने प्रश्नपत्रमात्र विद्यालयलाई वितरण गरिने र विद्यालय आफैंले उत्तरपुस्तिकाको व्यवस्थापन गर्न अनुरोध गरिएको अध्यक्ष खतिवडाले बताउनुभयो ।**

**गत वर्षको प्रथम त्रैमासिक परीक्षामा ३२ वटा विद्यालयमात्र समितिमा सहभागी भएका थिए । अर्धवार्षिक र वार्षिक परीक्षामा भने प्रायः सबै विद्यालयले समितिको निर्णयअनुसार परीक्षा सञ्चालन गर्ने गरेको उहाँले बताउनुभयो । हेटौंडा उपमहानगरमा ७३ वटा सामुदायिक विद्यालय रहेका छन् ।**

Join IT Career in HCC

Admission Open
+2
Science
Management
→ Computer Science
→ Hotel Management
→ Business Studies
Law (English)



Bachelor Program
BSc. CSIT
BCA
BBS
(T.U. Affiliated)

यस हेटौंडा सिटी कलेजमा B.Sc.CSIT कार्यक्रम अन्र्तगत दोस्रो बर्ष तेस्रो शत्र (Semester) मा अध्ययनरतछात्र श्री दिनेश खरेलले त्रिभुवन विश्वविद्यालयद्धारा सञ्चालित प्रथम वर्ष प्रथम शत्रको परीक्षामा 89.8 प्रतिशत (500 पुर्णाङ्कमा 449 अंक प्राप्त) ल्याई नेपाल प्रथम हुन सफल हुनुभएकोमा हार्दिक बधाई तथा उत्तरोत्तर प्रगतिको कामना गर्दछौं ।

साथै, BSc. CSIT र BCA को 11 औं समूहको (2080 Batch) लागि प्रवेश परीक्षा तयारी कक्षा (Entrance Preparation Class) सञ्चालन भइरहेको कुराको पनि सहर्ष जानकारी गराइन्छ ।

हेटौंडा सिटी कलेज/जेनिथ
सम्पर्क : 057-526660, 9855069444, 9855077417, 9855067435

हेटौंडा रिफरेन्स ल्यावरोटरी

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

(HRL)

खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।

थप जानकारीको लागि HRL

हेटौंडा रिफरेन्स ल्यावरोटरी

हेटौंडा–१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७–५२०४५७

हेटौंडा कृषि बजार

हेटौंडा-४, मेनरोड

सूचना सूचना सूचना

यहि मिति २०८० साल असार ५ गतेबाट यस त्रिवेणी भेजिटेबल मार्ट प्रा.लि द्वारा संचालित हेटौंडा कृषि तरकारी बजार संचालन हुन गइरहेको छ ।

सेवाहरु



- एकै ठाउँमा सबै किसिमका खाद्यान्न सामाग्रीहरु जस्तैः स्वच्छ ताजा तरकारी, फलफूल, जुस ।
- दूध, दही लगायत दूधबाट बन्ने सबै किसिमका परिकारहरु ।
- खसी, कुखुरा तथा राँगाको मासु स्वच्छ तथा सफा वातावरणमा पाइने ।
- पर्याप्त पार्किङ्गको व्यवस्था भएको साथै मेनरोड र नारायणी मल सँगै जोडिएको र आवजावतको सजिलो व्यवस्था भएको
- सेकुरिटी गार्ड सहित सिसि क्यामराद्धारा निगरानी गरिने ।

(नोटः यस मार्टमा केही स्टल खाली भएकोले इच्छुक महानुभावले तुरुन्त सम्पर्क गरी आफ्नो स्टल सुरक्षित राख्नुहोला ।)

सम्पर्कः ९८०२६५३९०७,९७४१६८०१८७,९८४१२१७२७९



स्टल सिमित छ ।



समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ